# मञ्जुश्री फाइनान्स लिमिटेड
**नयाँबानेश्वर, काठमाण्डौ**

## तेह्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७।०९।०८)**

मिति २०७७ साल पौष ७ गते मंगलवार बसेको सञ्चालक समितिको १९२ औं बैठकको निर्णय बमोजिम यस मञ्जुश्री फाइनान्स लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत समेत सहभागि हुन सकिने गरि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७७ पौष २९ गते बुधवार (तदनुसार १३ जनवरी २०२१)
समय : विहान ११:०० बजे
स्थान: मञ्जुश्री फाइनान्स ली. , नयाँवानेश्वर , काठमाण्डौ ।

**तेह्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावहरु :**

**(क) सामान्य प्रस्ताब :**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलपल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलपल गरि पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०७६/७७ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजि रु. ८१,८१,३१,२६४।- (एकासी करोड एकासी लाख एकतीस हजार दुई सय चौसठ्ठी रुपियाँ मात्र) को ५.५% (पाँच दशमलव पाँच प्रतिशत) ले हुन आउने रकम रु. ४,४९,९७,२१९.५० (अक्षरुपी चार करोड उन्नपचास लाख सन्तानब्बे हजार दुई सय उन्नाईस रुपैया पचास पैसा मात्र) बरावरको नगद लाभांश (वोनश शेयर तथा नगद लाभांशको कर समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

५. यस वित्तीय संस्थाको संचालक समितिमा संस्थापक समूहका शेयरधनिहरुका तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वासाधारण शेयरधनिहरुका तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना गरि जम्मा ४ (चार) जना सञ्चालकहरुको पद रिक्त हुने हुँदा वित्तिय संस्थाको नियमावली बमोजिम रिक्त रहने उक्त ४ (चार) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजि रु. ८१,८१,३१,२६४।- (एकासी करोड एकासी लाख एकतीस हजार दुई सय चौसठ्ठी रुपियाँ मात्र) को १८% (अठार प्रतिशत) ले हुन आउने रकम रु. १४,७२,६३,६२७.४६ (अक्षरुपी चौध करोड बहत्तर लाख त्रिसठ्ठी हजार छ सय सत्ताईस रुपैया छयालिस पैसा मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. प्रवन्ध पत्रमा संशोधन गर्ने ।

(क) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको उल्लेखित वोनस शेयर समायोजन गर्न हाल कायम जारी पुँजी रु. ८१,८१,३१,२६४।- (एकासी करोड एकासी लाख एकतीस हजार दुई सय चौसठ्ठी रुपियाँ मात्र) लाई बृद्धि गरि रु. ९६,५३,९४,८९२।- (अक्षरेपी छयान्नव्वे करोड त्रिपन्न लाख चौरानव्वे हजार आठ सय वाउन्न रुपियाँ मात्र) र चुक्ता पुँजी रु. ८१,८१,३१,२६४।- (एकासी करोड एकासी लाख एकतीस हजार दुई सय चौसठ्ठी रुपियाँ मात्र) लाई बृद्धि गरि रु. ९६,५३,९४,८९२।- (अक्षरेपी छयान्नव्वे करोड त्रिपन्न लाख चौरानव्वे हजार आठ सय वाउन्न रुपियाँ मात्र) बनाई यस वित्तिय संस्थाको प्रबन्ध पत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रबन्ध-पत्रलाई उपरोक्त बमोजिमको संशोधनलाई अभिलेख गर्ने क्रममा नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन वा सुझाव बमोजिम परिवर्तन, परिमार्जन वा थपघट लगायत आवश्यक संशोधन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन, परिमार्जन वा थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. यस वित्तिय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तिय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तिय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग)** विविध :

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनि सचिव)**

**तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी**

१. यस संस्थाको तेह्रौं वार्षिक साधारण सभा, सञ्चालक निर्वाचन तथा नगद लाभांश/वोनश शेयरको प्रयोजनका लागि यस संस्थाको शेयर दाखिल खारेजको काम २०७७ साल पौष महिना १५ गते का दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा मिति २०७७/०९/१५ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई मिति २०७७/०९/२२ गते कार्यालय समय भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री एन आई बि एल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो तेह्रौं वार्षिक साधारण सभा र सञ्चालक निर्वाचन प्रकृयामा भाग लिन तथा नगद लाभांश/वोनश शेयर प्राप्त गर्न योग्य हुने छन् ।

२. यस संस्थाको तेह्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरी सक्नु पर्नेछ। तेह्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सो को लिखित सूचना समेत तत्काल यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ।

३. यस संस्थाको तेह्रौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनि सभामा उपस्थित हुनु भएमा शेयरधनिको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

४. नाबालक तथा अशक्त शेयर धनिहरुको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा जल्नामदर्ता भएको व्यक्तिले तेह्रौं वार्षिक साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ।

५. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका तेह्रौं वार्षिक साधारण सभा स्थलमा सभा हुने दिन १० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।

६. यस संस्थाको संचालक समितिमा संस्थापक समूहका शेयरधनिहरुका तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वासाधारण शेयरधनिहरुका तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना गरि जम्मा ४ (चार) जना सञ्चालकहरुको पद रिक्त हुने हुँदा वित्तिय संस्थाको नियमावली बमोजिम रिक्त रहने उक्त ४ (चार) जना सञ्चालकहरुको निर्वाचन सम्वन्धी निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय रहने यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौको सूचनापाटी तथा संस्थाको वेभसाइटमा समेत निर्वाचन हुनु भन्दा १५ दिन अघि प्रकाशित गरिनेछ। साथै निर्वाचनका सम्वन्धमा थप जानकारी आवश्यक परेमा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा सम्पर्क राख्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ।

७. यस संस्थाको तेह्रौं वार्षिक साधारण सभाका सम्बन्धमा अन्य आवश्यक जानकारीका लागि यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँवानेश्वर, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।